करैयामाई गाउँपालिका
Karaiyamai Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
करैया, बारा (Karaiya, Bara)
मधेश प्रदेश, नेपाल (Madesh Province, Nepal)
स्था.:२०७३ (Estd. 2073)

पत्र संख्या/Letter No.: ०८१/०८२
चलानी नं./Ref. No.:: १८५६

मिति/Date: २०८१/११/१२

## विषयः- सामुहिक विवाह कार्यक्रम सम्बन्धि सार्वजनिक सूचना।

श्री सम्बन्धित सरोकारवालाहरु सबै,
करैयामाई गाउँपालिका, बारा।

प्रस्तुत विषयमा यस करैयामाई गाउँपालिकाको १५औं गाउँसभाबाट स्वीकृत कार्यक्रम तथा मिति २०८१/१०/१५ गतेको कार्यपालिका बैठकको निर्णयानुसार २०८२ साल बैशाख ११ गते विहिबारका दिन यस पालिकाद्धारा असहाय/ गरिब/ दलित समुदायको लागि तपसिल बमोजिम व्यवस्थापन हुने गरी सामुहिक विवाह कार्यक्रम आयोजना गरिने भएको हुँदा इच्छुक व्यक्ति/अभिभावकले मिति २०८१/१२/१५ गते भित्र यस कार्यालयको प्रशासन शाखामा निवेदन पेश गर्नु हुन अनुरोध छ।

<u>तपसिल</u>

१. हरेक विवाह गर्ने जोडीलाई बैदिक परम्पराको विधिविधान अनुसार विवाह सम्पन्न गरिनेछ।
२. बेहुला बेहुलीको लत्ता कपडा तथा आवश्यक अन्य सामग्रीहरुको व्यवस्था गाउँपालिकाको तर्फबाट हुनेछ।
३. विवाह कार्यक्रमका क्रममा सम्पूर्ण व्यवस्थापन गाउँपालिकाले गर्नेछ।
४. विवाह कार्यक्रममा बेहुला/बेहुलीको तर्फबाट बढीमा २०-२० जनामात्र सहभागी हुनु पर्नेछ।
५. विवाह हुने बेहुला/बेहुली मध्ये बेहुली अनिवार्य रुपमा यस गाउँपालिकाको बासिन्दा हुनु पर्नेछ।
६. विवाह हुने बेहुला/बेहुलीको उमेर हद २० वर्ष पुगेको हुनु पर्नेछ।
७. विवाह हुने बेहुला/बेहुलीको नागरिकता वा जन्मदर्ता र अभिभावकको नागरिकताको प्रतिलिपि सहित पेश गर्नु पर्नेछ।

..............................
वीरेन्द्र महतो
नि.प्रमुख प्रशासकीय अधिकृत

वीरेन्द्र महतो
नि. प्रमुख प्रशासकीय अधिकृत